# नेपालगंज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**भैसी प्रवर्द्धन कार्यक्रम(वडा नं १४ र २०) मा सहभागी हुन इच्छुक अनुदानग्राहीको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशित मितिः२०८१।०९।०३
दोस्रो पटक सूचना प्रकाशित मितिः२०८१।११।१९

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय आर्थिक विकास समिति अन्तर्गत पशुसेवा शाखा नेपालगञ्ज बाँकेको आ.व.२०८१।०८२ को स्वीकृत वार्षिक अनुसार "स्थानीय तहमा सशर्त वित्तिय हस्तारित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१" बमोजिम देहायको कार्यक्रम सञ्चालन गर्न इच्छुक फर्म/समुह/सहकारी संस्था/निजि व्यवसायी/उद्यमी/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा प्रस्तावना दर्ता गर्नुहुन यो सूचना आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावनाहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**देहाय**

| क्र. सं. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भैसी प्रवर्द्धन कार्यक्रम(वडा नं.१४ र २०) (प्रदेश सशर्त तर्फ) | १) समुह/सहकारी/फर्म/कम्पनीले ३ वटा माउ भैंसी सहित ५ वटा भैसी पालेको हुनुपर्ने। २) समुह/सहकारीको हकमा कम्तीमा २५ माउ भैसी पालन गरेको हुनु पर्ने। ३) पशु विमा गर्ने अभ्यास भएका कृषक समुह/फर्म/कम्पनी/सहकारी संस्थालाई प्राथमिकता दिईने। | १) गोठ निर्माण/सुधार २) मेसिनरी औजार। ३) उन्नत घाँस खेती। ४) नश्ल सुधार। ५) औषधि/उपचार तथा खोप। ६) जैविक सुरक्षा। | नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१४ र २० | १) पूर्वाधार नश्ल सुधारमा ७५ प्रतिशत। २) अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत। ३) फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम रु.२ लाख मात्र र समुह सहकारीको हकमा अधिकतम रु.५ लाख सम्म अनुदान | |

**आवश्यक संलग्न कागजातहरु**

१) अनुसूची -३६ अनुरुपको संक्षिप्त कार्ययोजना।
२) अनुसूची-३३ बमोजिमको निवेदन।
३) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि।
४) आवेदकको सहकारी सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि।
५) कार्ययोजना अनुरुपको योग्यता,तालीम र अनुभव जनाउने कागजात।
६) सहकारी संस्थाहरुकोहकमा सम्बन्धीत व्यवसाय सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि।
७) संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्र।
८) कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि।
९) कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली।
१०) निर्माण कार्यको हकमा लागत ईस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि।
११) सम्बन्धीत वडाको सिफारिस पत्र।
१२) निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१३) धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।

नोटः प्रथम पटक प्रकाशित सूंचना अनुसार प्राप्त भएका प्रस्तावहरु यथावत रहनेछन्।

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाईटबाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि पशुसेवा शाखामा सम्पर्क गर्नहुन अनुरोध छ।

**बोधार्थ**
श्री सूचना प्रविधि शाखाः कार्यालयको वेबसाईटमा राखिदिनुहुन।

२०८१।११।१९
इन्द्र बहादुर के.सी.
अधिकृत छैठौं (प्रशासन)



CamScanner